पैयूँ गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : १ संख्याः १० मितिः २०७५।०९।२७

## भाग-२

## पैयूँ गाउँपालिका

## ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका २०७५

**१. परिचयः**

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र समाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्न साथै राज्यद्वारा तोकिएको सेवा एवम् सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची-८ को क्रं.स १६ बमोजिमको कार्य गर्न ज्येष्ठ नागरिक परिचय -पत्र वितरण निर्देशिका २०७४, जारी गरिएको छ ।

**२. परिचय-पत्र वितरणका आधार :**

नेपालको संविधानको धारा ४१ म उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिकसम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय-पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका आधार हुनेछन् ।

**३. उद्देश्य :**

क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तहदेखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने ।

ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक

तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकहरुलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियमअनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

**४. लक्षित वर्ग :**

ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

**५) ज्येष्ठ नागरिकको वर्गीकरण :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहायबमोजिम गरिएको छ :

(क) सत्तरी वर्ष उमेर पूरा नगरेका ज्येष्ठ नागरिक,
(ख) सत्तरी वर्ष उमेर पूरा गरेका वरिष्ठ ज्येष्ठ नागरिक,
(ग) असहाय ज्येष्ठ नागरिक,
(घ) अशक्त ज्येष्ठ नागरिक,

**६. परिचय-पत्र वितरणका मापदण्ड :**

ज्येष्ठ नागरिकसम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेका नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्न सकिनेछ ।

**७. ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को अनुसूची ३ बमोजिमको ढाँचालाई नै आधार मानी ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा यस निर्देशिकाको अनुसुची १ बमोजिमको हुनेछ । ज्येष्ठ नागरिक परिचय-पत्रको आकार (size) नेपाली नागरिकताको प्रमाण-पत्रको आकार बराबरको हुनेछ ।

**८. परिचय-पत्र वितरण प्रक्रिया :**

(क) ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेका ज्येष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले सम्बन्धित स्थानीय तहका प्रमुख समक्ष निवेदन दिनुपर्नेछ ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण-पत्र लाई आधार मानिनेछ ।

(ग) ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी स्थानीय तहको कार्यकारी प्रमुख वा निजले तोकेको पदाधिकारी हुनेछ ।

(घ) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरुको लगत तोकिए बमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी न.पा/गा.पा को कार्यालयमा राखी बार्षिक रुपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

(ङ) ज्येष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपि लिन सम्बन्धित प्रहरी कार्यालयको सिफारिस वा वडाको सिफारिस सहित सम्बन्धित स्थानीय तहमा निवेदन पेस गर्नुपर्नेछ ।

**९. विविध :**

(क) ज्येष्ठ नागरिक परिचय-पत्र वितरणको लागि सम्बन्धित स्थानीय तहले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

(ख) ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धमा माथि उल्लिखित व्यवस्थाबहेक प्रचलित कानुनको अधीनमा रही कार्यकारी प्रमुखले निर्णय गरे बमोजिम हुनेछ ।

## अनुसूची १२
## ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा
## ज्येष्ठ नागरिक परिचय-पत्र

फोटो

प.प.नं

नाम थरः ……………………………………………

ना.प्र.नंः …………..

ठेगानाः जिल्लाः ………………..    गा.पा/न.पाः ……………………….

वडा नंः ………… टोल/गाउँः ……………

उमेरः …………… लिङ्गः …………

उपलब्ध छुट तथा सुविधाहरुः ………………………………

पति/पत्नीको नामः …………………………………………………

हेरचाह केन्द्रमा बसेका भए सोको विवरणः …………………………………………………

संरक्षकको नाम, थर, सम्पर्क ठेगाना, मोबाइल नंः …………………………………………………………………………… ……………………….

रक्त समूह र रोग भए रोगको नाम र सेवन गरिएका औषधीको नामः …………………………………………………………………………… ……………………….

प्रमाणित गर्ने अधिकृतकोः-
दस्तखतः
नाम थरः
पदः
कार्यालय

आज्ञाले,
जित बहादुर राना
प्रमुख प्रशासकीय अधिकृत